




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क ३४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस २२ गते बिहीबार ❑ 6 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-


## जनतालाई आधारभूत सेवा दिनु सरकारको कर्तव्य हो : प्रधानमन्त्री देउवा

रासस
काठमाडौं, २१ पुस

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले जनतालाई प्रभावकारी रुपमा आधारभूत सेवा उपलब्ध गराउनु सरकारको कर्तव्य भएको बताउँदै यसमा लाग्न सबैलाई आग्रह गर्नुभएको छ।

सरकारको साझा न्यूनतम कार्यक्रमको कार्यान्वयन, विकास प्राथमिकता चालु आर्थिक वर्षको पाँच महिनाको प्रगति र सुशासन प्रवर्द्धन सम्बन्धमा नेपाल सरकारका सबै मन्त्री र सचिवलाई निर्देशन दिँदै आज उहाँले सो कुरा बताउनुभएको हो । जाडो बढेसँगै हिमपात र शीतलहरले जनजीवन प्रभावित भएको उल्लेख गर्दै उहाँले जनतालाई आवश्यक सेवा प्रदान गर्न निर्देशन दिनुभयो । साथै प्रधानमन्त्री देउवाले कृषिप्रधान मुलुकमा मलखाद र बीउको कुनै कमी हुन नदिनसमेत आग्रह गर्नुभयो । विकास निर्माण र जनतालाई सेवा दिने काममा अवरोधका रुपमा देखिने कानुनी समस्या समाधानका लागि लाग्न निर्देशन दिँदै प्रधानमन्त्री देउवाले भ्रष्टाचार नियन्त्रण गर्न सबै सचेत रहेको र यसलाई नियन्त्रण गर्न सबैको सहयोगकोअपेक्षागर्नुभयो।मुलुक जलस्रोतको अपार भण्डारण भएकाले लगानीकर्तालाई आकर्षित गरेर बढीभन्दा बढी जलविद्युत् उत्पादन गरी निर्यात गर्न सकिनेमा उहाँको जोड थियो।

प्रधानमन्त्री देउवाले भन्नुभयो, "मुलुक अहिले धेरै किसिमले समस्यामा छ, कोभिड-१९ ले पनि ठूलो समस्या ल्याएको छ। बेमौसमी वर्षा र बाढी धेरै क्षति पुऱ्याएको छ । विपक्षी पार्टीले संसद् सुचारु गर्न नदिएर अर्को समस्या खडा गरेको छ। यसले संसद् मा महत्वपूर्ण विषयमा गर्नुपर्ने छलफल हुन सकेको छैन। संसद् मा होहल्लाका बीचमा कतिपय कुरा पास गरेका छौँ, त्यो उचित त होइन तैपनि गर्नुपर्ने बाध्यता छ।"

विकास निर्माणमा कार्यान्वयको समस्या पुरानै रहेको बताउँदै उहाँले समाधानका लागि विकासे मन्त्रालय र अर्थ मन्त्रालयबीच निरन्तर छलफल र सल्लाह गरेर अघि बढ्न निर्देशन दिनुभयो । राष्ट्रिय गौरवका आयोजनामा अपेक्षित प्रगति हुन नसकेको बताउँदै उहाँले सम्बन्धीत निकायलाई ध्यान दिन निर्देशन दिनुभयो।

कोभिड-१९ का बेला सरकारले धेरै महत्वपूर्ण निर्णय गरेको जानकारी गराउँदै उहाँले निःशुल्करुपमा कोभिडविरुद्धको खोप वितरण गर्ने नीतिले सफलता हासिल गरेको बताउनुभयो। अझै पनि यसलाई प्राथमिकताका साथ अघि बढाउन निर्देशन दिँदै उहाँले खोप सहयोग गर्ने मुलुक तथा बहुपक्षीय निकायलाई धन्यवादसमेत दिनुभयो।

"सबैभन्दा महत्वपूर्ण कुरा भनेको जनाताको जीवन हो। सबैको जीवन बचाउनुछ। अझै पनि कोभिडको समस्या हुन सक्छ । त्यसकारण प्राथमिकतामा राखेर खोपको मात्रा बढाउनुछ। कुनै पनि व्यक्ति खोपबाट वञ्चित हुन नपरोस् । खोपका सम्बन्धमा जनतालाई अझै सचेतना कार्यक्रम गर्नुपर्ने आवश्यकता पनि मैले देखेको छु", प्रधानमन्त्री देउवाले भन्नुभयो । उहाँले निकट भविष्यमै तीनैतहका निर्वाचन गर्नुपर्ने भन्दै आयोगलाई सरकारले सक्दो सहयोग गर्ने बताउनुभयो।निश्पक्ष,विश्वसनीय र भरपर्दो निर्वाचनका लागि सबैले लाग्नुपर्नेमा जोड दिँदै निर्वाचनमा सत्ता गठबन्धनले आपसी तालमेल गर्दै जाने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा अर्थमन्त्री जनार्दन शर्माले मुलुकको अर्थव्यवस्थाको पछिल्लो तथ्याङ्क र अवस्थाबारे अवगत गराउँदै नीतिगत सुधार, संस्थागत संरचनाको क्षमता अभिवृद्धि, ढिलासुस्तीको अन्त्य, विकासको बाधक बनेका कानुनी पक्ष हटाउन सबै मन्त्रालय र निकायबीच समन्वयको खाँचो रहेकामा जोड दिनुभयो।

यसैगरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतका राज्यमन्त्री उमेश श्रेष्ठले वर्तमान सरकार गठनपछि हासिल भएका उपलब्धिबारे बताउँदै सरकारले सुशासन र विकासका लागि थुप्रै नीतिगत र संस्थागत कार्यक्रम अघि बढाएको जानकारी गराउनुभयो।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा विश्वनाथ पौडेलले विकास आयोजनाका प्रगती र चुनौतीबारे अवगत गराउँदै जलवायु परिवर्तनको असरले आगामी दिनमा पूर्वाधार विकासमा थपिने चुनौतीका सम्बन्धमा ध्यानाकर्षण गराउनुभएको थियो। नेपाल सरकारका मुख्यसचिव शङ्करदास बैरागीले सरकारले विकास निर्माण र जनतालाई पुऱ्याउनुपर्ने सेवाका सम्बन्धमा भएका कामकारबाहीबारे बताउँदै राजनीति र प्रशासन एक अर्काका परिपूरक भएकाले विश्वास, सहकार्य र समन्वयका साथ अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

प्रधानमन्त्री कार्यालयका सचिव लक्ष्मण अर्यालले चालु वर्षको विकास आयोजना तथा कार्यक्रम कार्यान्वयनको व्यवस्था बारे प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यक्रममा नेपाल सरकारका मन्त्री, सचिव, विभिन्न निकायका प्रमुखलगायतको उपस्थिति थियो।

## पुम्दीकोटमा पुनः महायज्ञ हुने

पोखरापत्र संवाददाता
पोखरा, २१ पुस




पोखरा २२ स्थित पुम्दी भुम्दीको पुम्दीकोट बिशाल महादेवको मुर्तिको अधुरा काम पुरा गर्न पुनः महायज्ञ हुने भएको छ। पुम्दीकोट कोट विकास समितिको आयोजनामा बिशालम महादेवको मुर्तिका अधुरा काम पुरा गर्न आउँदो माघ महिनाको ८ देखि १८ गतेसम्म शिवमहापुराँण एवं धार्मिक पर्यटन महोत्सव हुने भएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

धार्मिक पर्यटनको गन्तव्य हुन थालेको उक्त बिशाल महादेवको मुर्ति निर्माण परियोजना अघि बढाउने क्रममा करिब ३ करोड ७५ लाख ऋणमा काम अघि बढेकोले गर्दा पनि पुनः महायज्ञ आयोजना गर्न लागिएको समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताए। शिवलोक निर्माण परिकल्पना परियोजना सम्पन्न संकल्प महायज्ञ २०७८ को मुख्य बाचकको रुपमा भागवत भाष्कर युवा पण्डित कमलनयन गौतम रहने भएको समितिले जनाएको छ। बिहान १० बजेदेखि बेलुका ४ बजेसम्म कथा प्रबर्चन, झँकी प्रर्दशन गरिने भएको छ । उक्त परियोजनाको करिब ५० प्रतिशत काम सकिदा करिब २० करोड लगानी भएको उनले जनाए। उक्त परियोजनामा संघिय सरकारले ४ करोड, गण्डकी प्रदेश सरकारले ३ करोड र पोखरा महानगरपालिकाले १ करोड ५० लाख आर्थिक सहयोग प्राप्त भएको अध्यक्ष बरालले जनाए । २०७३ फाल्गुन ३ गते देखि १३ गतेसम्म आयोजना भएको शिव महापुणमा करिब रोपनी जग्गा, ६ करोड १८ लाख नगद भएको समितिले जनाएको छ । सुमेरु पर्वत नामाकरण (निर्माण) गरि कुमार पार्वतीको मूर्ति स्थापना गर्ने, भूमेस्वर महादेबदेखि सुमेरु पर्वतसम्म पहुचको लागि बिधुतीय चियर कार निर्माण गर्ने, ग्रिनरि पार्क निर्माण गर्ने, पार्किङ् स्थल निर्माण गर्ने मूल मूर्ति लगायतका भौतिक संरचना निमार्णको लागि महायज्ञ गर्नु परेको अध्यक्ष बरालले बताउनु भयो । पर्यटन प्रबर्द्धनको लागि पुम्दीकोट बिशाल महादेव मूर्ति निर्माण हाम्रो अठोट, समृद्दि र विकास, बेरोजगार र विदेश पलायन हुनेहरुका लागि निकास भन्ने नाराका साथ आयोजना हुने महायज्ञमा पोखराको मुख्यबजारबाट महोत्सव स्थलसम्म जान आउनको लागि निशुल्क बस सेवाको व्यबस्था गरिएको अध्यक्ष बरालले बताए।

प्रथम महायज्ञ लगायत यस महायज्ञका दान-दाताहरुबाट प्राप्त दान रकमको स्तम्भ शिलालेख निर्माण गर्ने गरिने भएको उनले जनाए । प्रथम महायज्ञबाट ५१ फिट अग्लो महादेवको बिशाल मूर्ती स्थापना गरिएको, ३१ फिट उचाइको बिशाल डम्मरु निर्माण, महादेवको बिशाल क्षेत्र कुण्ड (गङ्गा पोखरी) तेश्रो आखा १०८ धारा जडानसहित, शिब ताण्डब नृत्य तथा अन्तर्राष्ट्रिय ध्यान केन्द्र निर्माण, २१६ शिवलिंग स्थापना, १०८ स्वर्गद्वारी सिढी निर्माण, सुबिधा सम्पन्न सौचालय सहितको प्रशासकीय भवन निर्माण, ४१ वटा फूलमाला बिक्री कक्ष रहने सटर, मूर्ती परिसरमा कम्पाउड वाल निर्माण, २०० मिटर पहुचको पक्कि मार्ग निर्माण, मनोरेल द्वारा गणेश परिक्रमा लगायतको भौतिक संरचना निर्माण भएको अध्यक्ष बरालले बताए । उक्त बिशाल महादेवको मुर्तिको औपचारिक उद्घाटन विना हिजोआज दैनिक जसो ५ सय पर्यटकहरु जना थालेको समितिले जनाएको छ । बिशाल महादेवको मुर्ति अवलोकनको लागि औपचारिक उद्घाटन पश्चात मात्र प्रशासनको समन्वयमा निश्चित शुल्कः निर्धारण गरिने भएको समितिले जनाएको छ । पहिलो महायज्ञमा बिरगंज निवासी शिब भक्त मुरलीधर रुङ्गटाबाट १ करोड दान रकम, काठमाडौं निवासी कमल जैनबाट शिब मूर्ति सहयोग, पुम्दी भुम्दी घर भइ हाल भारत निवासी बिष्णु प्रसाद बरालबाट ५० लाख भन्दा बढी सहयोग प्राप्त भएको थियो। १२ जना दाताबाट २५ लाख, १०८ भन्दा बढी दाताबाट जनहि दुई लाख पश्चिस हजार भन्दा माथिल्लो रकम र करिब चौध सय दाताबाट आफ्नो गच्छे अनुसार सहयोग प्राप्त भएको समितिले जनाएको छ।

## कानून निर्माण मात्र होइन कार्यान्वयनमै केन्द्रीत छौं : मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, २१ पुस



गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाले प्रदेश सरकार कानून निर्माण गर्न तर्फ मात्रै नभई कार्यान्वयनमा समेत केन्द्रीत रहेको बताउनुभएको छ।

मूख्य न्यायाधिवक्ताको कार्यालय र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको संयुक्त आयोजनामा बुधबार भएको गण्डकी प्रदेशमा कार्यान्वयनमा रहेका कानूनहरुको जानकारी सम्बन्धी गोष्ठीलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो । मन्त्री थापाले नेपालको संविधान जारी भएपछि सम्पन्न तीन तहको निर्वाचन पश्चात गठन भएको प्रदेश सरकार तथा प्रदेश सभाले लगभग ४ वर्षको यात्रामा ५० वटा ऐन र ११ वटा नियमावली जारी गरिसकेको र अहिले कार्यान्वयनको पक्षमा रहेको उल्लेख गर्नुभयो।

'प्रदेश सरकारकाले ऐन सहित धेरै संख्यामा निर्देशिका, कार्यविधि, मापदण्ड तथा गठन आदेश जारी गरेको छ',उहाँले भन्नुभयो,'संघीयताको आभाष दिलाउने गरी अब बनेका कानूनहरुको कार्यान्वयन तर्फ हामी केन्द्रीत छौं ।' मन्त्री थापाले प्रचलित कानूनको बारेमा हरेक सरोकारवालाहरुले जानकारी राख्न जरुरी रहेको र कानूनको अज्ञानता क्षम्य नहुने बताउनुभएको छ।

बेलाबेलामा कानून मन्त्रालयले कानून र तिनको प्रावधानको बारेमा जानकारी राख्न तालिम गोष्ठी लगायतका कार्यक्रम समेत गर्ने गरेको भनाई उहाँको छ।

'कानून मन्त्रालयले हालसम्म बनेका सबै ऐन, नियम, कार्यविधि, निर्देशिका आदि प्रदेश राजपत्रमा प्रकाशन गर्ने गरेको छ', उहाँले भन्नुभयो, 'गण्डकी प्रदेश सरकारले प्रचलित प्रदेश कानूनको पुनरावलोकन समेत गर्ने र प्रदेश तथा स्थानीय तहले बनाएको कानून कार्यान्वयनको सम्बन्धमा अध्ययन समेत गर्ने गरेको छ ।' मन्त्री थापाले कानूनको जानकारी प्रदान गर्ने कार्य कानून कार्यान्वयनको एक पाटो भएको र यसले कानूनमा रहेका कमीकमजोरी पत्ता लगाई समसामायिक सुधार गर्न सहयोग गर्ने उल्लेख गर्नुभएको छ।


## कांग्रेसका १६ जिल्लाको अधिवेशन माघ १५ गते हुने

पोखरापत्र संवाददाता
पोखरा, २१ पुस

नेपाली कांग्रेसले यसअघि निर्धारित १६ जिल्लाको अधिवेशनको मिति परिमार्जन गरी आगामी माघ १५ गतेका लागि तोकेको छ।

पार्टीको केन्द्रीय निर्वाचन समितिले माघ १२ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनलाई मध्यनजर गरी जिल्ला अधिवेशनको मिति सारेको जनाएको छ। समितिको आज बसेको बैठकले कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत जिल्ला कार्यसमितिको निर्वाचन हुन बाँकी रहेका जिल्लाको अधिवेशन माघ १५ गते निर्धारण गरेको समिति सचिव केशव रिजालले जानकारी दिनुभयो।

कांग्रेसले सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, चितवन, बाँके, कैलाली, अछाम र नवरपुरमा पार्टीको जिल्ला अधिवेशन गर्न बाँकी रहेको जनाएको छ।

# विन्ध्यवासिनी माविले हीरक जयन्ती मनाउने

पोखरापत्र संवाददाता
पोखरा, २१ पुस

पोखराकै पुरानो विद्यालय विन्ध्यवासिनी मा.वि वाटुलेचौरले विभिन्न कार्यक्रम गरी विद्यालय ७५ वर्ष प्रवेशको अवसरमा हीरक जयन्ती मनाउने भएको छ।

वि.सं २००४ सालमा स्थापना भएको उक्त विद्यालयले पुस २७ गते हीरक जयन्तीको उद्घाटन गरी चार महिनासम्म विभिन्न कार्यक्रम सहित आगामी २७ गते समापन गरिने वुधवार विद्यालयमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिईएको छ।कार्यक्रमलाई व्यवस्थित रुपमा सम्पन्न गर्न विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रा अधिकारी थापाको अध्यक्षतामा ७५ सदस्यीय कार्य समिति, २८ सदस्यीय सचिवालय तथा विभिन्न व्यक्तिको संयोजकत्वमा २९ वटा उपसमिति गठन गरी तयारी शुरु गरिएको छ । समितिका अध्यक्ष चन्द्रा अधिकारी थापाले हीरक जयन्तीलाई ऐतिहासिक र गौरवपुर्ण वनाउन कुनै कसर वाँकी नराख्ने वताउदै, सवै पक्षको सहयोग र सहभागितावाट कार्यक्रम सफल वन्ने वताउनुभयो । विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद



आचार्यले शैक्षिक गुणस्तरमा थप वृद्धि गर्न विद्यालय प्रतिवद्ध रहेको वताउदै सवै पक्षको समन्वय आवस्यक रहेको उल्लेख गर्नुभयो। हीरक जयन्तीको पुर्वसन्ध्यामा विद्यालयले पुस २५ गते वडाभित्र वृहत सरसफाई, २६ गते सांस्कृतिक झाँकी सहित प्रभातफेरि, २७ गते विहान रक्तदान गरिने र भव्य समारोहका विच जयन्तीको उद्घाटन शिक्षा, विज्ञान तथा प्रविधी मन्त्री देवेन्द्र पौडेलले गर्नुहुने प्रचार उपसमितिका संयोजक यदुनाथ वञ्जराले जानकारी दिनुभयो। हीरक जयन्तीका अवसरमा विद्यालयले मा.वि तहमा खुल्ला दौड, सामुदायिक विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता, वडा स्तरीय आधारभुत तहमा हिसाव दौड, मिठाई दौड, विन्दि दौड, आमा समुहविच म्युजिकल चियर प्रतियोगिता, अभिभावक सम्मेलन, नि शुल्क स्वास्थ्य शिविर, विज्ञान प्रर्दशनी, विद्यालय स्तरीय नृत्य प्रतियोगिता, पुर्नमिलन कार्यक्रम र चैत २७ गते नवनिर्मित भवनको उद्घाटन सहित हीरक जयन्ती समापन गरिने पत्रकार सम्मेलनमा जानकारी दिईएको छ।

जयन्तीलाई सफल वनाउन प्रचार प्रसार,अर्थ संकलन, संघ संस्था समन्वय लगायतका २९ वटा उपसमितिले आ आफ्नो कार्यलाई तिव्रता दिएको वताईएको छ। चार महिनासम्म संचालन हुने हीरक जयन्तीका कार्यक्रम मनाउन करिव ४१ लाख रुपैया खर्च लाग्ने र उक्त रकम विभिन्न सहयोगी संघ संस्था, भु.पु विद्यार्थी, विज्ञापनदाता, लगायतवाट संकलन गरिने अर्थ संकलन उपसमितिका संयोजक शिवराजदेवकोटाले जानकारी दिनुभयो । स्थापनाको १७ वर्ष पछि २०२१ सालमा पहिलोपटक तत्कालिन प्रवेशिका परीक्षामा सहभागी गराएको विद्यालयले हालसम्म उत्कृष्ट स्थान हासिल गर्दै सामुदायिक विद्यालय तर्फ गण्डकी प्रदेशमा उत्कृष्ट तेस्रो र कास्की जिल्लामा दोस्रो वन्न सफल भएको छ।

हाल विद्यालयमा कक्षा शिशु देखि कक्षा १२ सम्म करिव १ हजार २ सय ८ जना विद्यार्थी अध्ययनरत रहेका छन् भने निजि र दरवन्दी गरी ८३ जना शिक्षक कर्मचारी कार्यरत रहेका छन् । विद्यालयले गुणस्तरीय शिक्षालाई पहिलो प्राथमिकतामा राख्दै कक्षा ११ र १२ मा व्यवस्थापन तथा विज्ञान संकायमा कक्षा संचालन गरिरहेको छ । यसैविच सोही कार्यक्रममा हीरक जयन्तीको गुणस्तरीय शिक्षाका लागी अनुशासन र सर्मपण अकिंत नारा लेखिएको लोगो समेत सार्वजनिक गरिएको छ । लोगोको समितिका अध्यक्ष थापा र प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले सार्वजनिक गर्नुभयो।

# प्रभु पे एपबाट घरमै बसेर पोखरा महोत्सवको टिकट लिन पाइने

पोखरापत्र संवाददाता
पोखरा, २१ पुस

एघारौ पोखरा महोत्सवको टिकट घरबाटै लिन पाइने भएको छ।

आगामी पुषको २८ देखि माघको ९ गते सम्म पोखराको अमरसिंह चौरमा युनाईटेड क्लवको आयोजनामा हुने ११ औ संस्करणको पोखरा महोत्सवको टिकट घरबाटै काटेर महोत्सव स्थल पुग्न सक्नेछन । जसका लागी महोत्सव आयोजक संस्था युनाईटेड क्लवका सदस्य तथा महोत्सव टिकट ब्यवस्थापन उपसमिति संयोजक पूर्ण कुमार श्रेष्ठ र डिजिटल अनलाईन टिकेटिङ पार्टनर प्रभु टेक्नोलोजीका जनरल म्यानेजर बिक्की शाही बीच सम्झौता पत्रमा हस्ताक्षर गरी सम्झौता गरिएको छ।

श्रेष्ठका अनुसार महोत्सवमा कोभिडलाई मध्येनजर गरी टिकट काउण्टरमा हुने भीड कम होस भन्ने उद्देश्यले डिजिटल प्रविधीबाट प्रभु पे को एपबाट महोत्सवको टिकट घरबाटै काट्ने



ब्यवस्था मिलाइएको वताए । महोत्सवमा आउने दर्शकले प्रभु पे को एप डाउनलोड गरी इभेन्टमा गएर पोखरा महोत्सवमा क्लिक गरी अनलाईन टिकट काट्न सक्ने प्रभु पेका गण्डकी प्रदेश बजार पष्मुक महादेव अधिकारीले वताए। अनलाईन टिकट सँगै महोत्सवमा आउने दर्शकले प्रभु टेक्नोलोजी अन्तर्गतको कि ओस मेसिनबाट महोत्सव स्थलमा समेत टिकट सजिलै लिन सक्ने छन।

त्यसैगरी दर्शकहरुले आफ्नो नजिकको प्रभु पे को शाखा तथा एजेन्ट आउटलेटहरु, प्रभु म्यानेजमेन्ट सहकारी नेटवर्क र प्रभु पे मर्चेन्टबाट समेत टिकट काट्न सकिने प्रभु पेका गण्डकी प्रदेश बजार प्रमुख महादेव अधिकारीले वताए।

प्रभु पे ले विभिन्न मेला महोत्सव तथा इभेन्टमा अनलाईन टिकटिङको काम पनि गर्दै आइरहेको छ। गण्डकी प्रदेशको प्रभु पे सपोट कार्यालय पोखरा जिरो किलो मिटरमा रहेको छ।

# राष्ट्रिय खेलकुदलाई लक्ष्य गरी गण्डकी प्रदेशस्तरीय आर्चरी प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, २१ पुस

गण्डकी प्रदेशमा तय गरिएको नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्ष्य गरी खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रदेशस्तरीय खुला आर्चरी(धनुषबाँड) प्रतियोगिता पोखरामा हुने भएको छ।

कास्की जिल्ला आर्चरी सङ्घको आयोजनामा यही पुस २३ र २४ गते पोखरा रङ्गशालास्थित आर्चरी मैदानमा सञ्चालन हुने प्रतियोगिताबाट नयाँ खेलाडी उत्पादन गरी उनीहरुलाई राष्ट्रिय खेलकुदमा समावेश गर्ने लक्ष्य राखिएको आज पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो।

राष्ट्रिय खेलकुदलाई मध्यनजर गरी खेलाडीको उच्च मनोबल र पर्याप्त अभ्यास पूरा गर्न र धेरैभन्दा धेरै पदक प्राप्त गर्न सक्षम बनाउने उद्देश्यले पहिलो पटक प्रदेशस्तरीय प्रतियोगिता गरिएको प्रतियोगिता संयोजक वसन्त गौचन(साकुरा)ले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगितामा गण्डकी प्रदेशका मनाङ, मुस्ताङ, म्याग्दी, बाग्लुङ, पर्वत र कास्कीबाट गरी ७५ खेलाडीले ‘स्ट्याण्डर्ड- ३०’ मिटरमा उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिताबाट छानिएका १० उत्कृष्ट खेलाडीलाई नवौँ राष्ट्रिय खेलकुदको तयारीका लागि पोखरामै थप प्रशिक्षण सञ्चालन गरिने उहाँले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, “राष्ट्रको गौरवसँग जोडिएको राष्ट्रिय खेलकुदका लागि क्षमतावान् खेलाडी उत्पादन गर्ने हाम्रो योजना छ । विश्व आर्चरी सङ्घको नियमानुसार खेलाइने प्रतियोगिता नयाँ खेलाडी उत्पादन र उनीहरुको थप प्रशिक्षणका लागि महत्वपूर्ण हुने विश्वास लिएका छौँ।”

प्रदेशस्तरीयसोप्रतियोगिताबाट छनोट भएकामध्ये चार खेलाडीले राष्ट्रिय खेलकुदमा ‘स्टाण्डर्ड क्याटागोरी’मा पदकका लागि भिड्ने बताइन्छ । प्रतियोगिताका विजेता खेलाडीलाई नगद पुरस्कारको समेत व्यवस्था गरिएको सङ्घले जनाएको छ । व्यक्तिगततर्फ प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्नेले क्रमशः रु २५, २०, १५ र १० हजार नगद पुरस्कारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने कास्की जिल्ला आर्चरी सङ्घका अध्यक्ष योगेन्द्र शेरचनले जानकारी दिनुभयो।

लुम्बिनी प्रदेशमा तीन वर्षअघि सम्पन्न आठौँ राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेश आर्चरीमा च्याम्पियन बनेको थियो । सो प्रतियोगितामा आर्चरीमा पाँच स्वर्ण, चार रजत र तीन कास्य गरी १२ पदक जित्न सफल भएको अध्यक्ष शेरचनले बताउनुभयो।

आर्चरी गण्डकी प्रदेशका छन्त्याल, मगर, थकाली र गुरुङ समुदायमा लोकप्रिय खेलमा पर्दछ। हालसम्म गण्डकी प्रदेशबाट किशोरकुमार गुरुङ, योगेन्द्र शेरचन, असिम शेरचन, नुटुक गुरुङ, दिलकुमार गुरुङ र देव पुन मगरले अन्तर्राष्ट्रिय पदक जित्न सफल हुनुभएको छ। यसैगरी महिलातर्फ सुजना गौचन, मन्सा गुरुङ, मोनिका राना र रश्मी दर्लामीले अन्तर्राष्ट्रिय आर्चरी प्रतियोगितामा पदक जितेको सङ्घले जनाएको छ । पाँचौं राष्ट्रिय खेलकुददेखि गण्डकी प्रदेश आर्चरीमा निरन्तर च्याम्पियन बनेको बताइन्छ।

# कोरोना भाइरसबाट ४३५ संक्रमित

रासस
काठमाडौं, २१ पुस

पछिल्लो २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमण ४३५ जनामा देखिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बुधबार आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा सङ्गीताकौशल मिश्राले १० हजार २६७ जनाको परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण देखिएको जानकारी दिनुभयो।

उहाँका अनुसार अहिलेसम्म पाँच हजार २२५ जना सक्रिय सङ्क्रमित रहेका छन्। पछिल्लो समय थप २३९ जना कोरोनाबाट निको भएर घर फर्किएका उहाँले बताउनुभयो। योसँगै निको हुनेको सङ्ख्या आठ लाख १३ हजार १७६ पुगेको छ । निको हुने दर ९८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

यस्तै प्रवक्ता डा मिश्राले पछिल्लो २४ घण्टामा सङ्क्रमणबाट कसैको पनि निधन नभएको जानकारी दिनुभयो। अहिलेसम्म ११ हजार ६०१ जनाको सङ्क्रमणका कारणले निधन भएको छ । उहाँका अनुसार ५०० भन्दाबढी सङ्क्रमण भएको जिल्ला काठमाडौँ, ललितपुर र भक्तपुर रहेका छन्। यस्तै २०० भन्दाबढी सङ्क्रमित भएका जिल्लामा सुनसरी, कास्की, बाँके र कैलाली रहेका छन्। यस्तै शून्य सङ्क्रमित भएका जिल्लामा रसुवा, मनाङ, मुस्ताङ, हुम्ला र मुगु रहेका छन्।

नेपालमा सङ्क्रमण दर १७ प्रतिशत रहेको छ । हाल होम आइसोलेसनमा चार हजार ८५२, संस्थागत आइसोलेशनमा ३७३, आइसियुमा ८४ र भेन्टिलेटरमा १४ जनाको उपचार भइरहेको छ।

मन्त्रालयका प्रवक्ता डा मिश्राले आज दुई लाख ४६ हजार ३८५ जनाले खोप लगाएको जानकारी दिनुभयो। अहिलेसम्म कोरोना भाइरसविरुद्धको खोपको पहिलो मात्रा एक करोड ४७ लाख १७ हजार २२६ जना र पूर्ण मात्रा एक करोड आठ लाख चार हजार ४१३ जनाले लगाइसकेका छन्।

# ‘सामाजिक सञ्जाललाई समाज परिवर्तनको साधनका रुपमा उपयोग गरौँ’

रासस
म्याग्दी, २१ पुस

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले सामाजिक सञ्जालको विवेकशील प्रयोग गर्न आग्रह गर्नुभएको छ । नेपाल पत्रकार महासङ्घ म्याग्दी शाखाको संयोजनमा आज बेनीमा भएको पत्रकारिता आचारसंहिता जागरण अभियान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सामाजिक सञ्जाललाई समाज परिवर्तनको साधनका रूपमा उपयोग गर्नुपर्ने धारणा राख्नुभयो।

“दर्ता भएका पत्रकारिता, रेडियो, टेलिभिजन र अनलाइनका सामाजिक सञ्जाललाई प्रेस काउन्सिलले अनुगमन गर्छ,” उहाँले भन्नुभयो “प्रविधिको विकाससँगै पाएको सुविधालाई धनआर्जन गर्ने मात्र नभइ समाजमा सकारात्मक सुधारको माध्यम बनाउन आवश्यक छ।”

कार्यक्रममा सहभागी स्थानीय सञ्चार माध्यमका प्रतिनिधिले वर्गीकरण नजिता नआउदा पछिल्लो अवधिमा सञ्चालनमा आएका पत्रपत्रिकाले राज्यले दिने लोककल्याणकारी विज्ञापनबाट वञ्चित हुनुपरेको गुनासो गरेका थिए । काउन्सिलका सदस्य दुर्गा भण्डारीले नयाँ सञ्चार माध्यम र प्रविधिको विकाससँगै थपिएको पत्रकार आचारसंहिता पालनाको चुनौती घटाउन देशव्यापी जागरण अभियान सञ्चालन गरिएको बताउनुभयो।

काउन्सिलका अनुगमनकर्ता गीता कठायतले देशभरका पत्रपत्रिका, पत्रकार महाङ्घ म्याग्दीका संस्थापक अध्यक्ष घनश्याम खड्काले म्याग्दी र अग्रज पत्रकार पुण्य पौडेलले प्रदेशका सञ्चार माध्यम र पत्रकारको आचारसंहिता पालनाको अवस्थाको बारेमा सहजिकरण गर्नुभएको थियो। प्रमुख जिल्ला अधिकारी चिरञ्जिवी रानाले पत्रकारितालाई तत्थ्यपरक र बिश्वसनीय बनाउन सूचनाको हकको उपयोग गर्न सुझाव दिनुभयो। प्रहरी नायब उपरीक्षक श्यामकुमार राइले समाचारले अनुसन्धानलाई असफल बनाउन र अदालती पक्रियामा असर पुग्न नहुनेतर्फ सचेत रहनुपर्ने बताउनुभयो। जिल्ला हुलाक अधिकृत साधनाकुमारी श्रेष्ठले लोककल्याणकारी विज्ञापन प्रकाशनबापतको भुक्तानी जिल्लाबाटै गर्न थालिएको जानकारी दिनुभयो । म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष बेलबहादुर कटुवाल र गैरसरकारी संस्था महासङ्घका अध्यक्ष दीपक पौडेलले जिल्लाका पत्रकार आचारसंहिताको विषयमा संवेदनशील रहेको बताउनुभयो।


बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर

परीक्षण गरिने रोगहरुः

बाथ रोगः घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सम्पर्क राख्नुहोला ।

प्यारालाइसिसः शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

ढाड दुख्नेः ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म

फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।

सम्र्पकः

स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.

पोखरा ८ न्यूरोड, सभागृहचोक

फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिनेः
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिनेः
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :

माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.

नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)


फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.

पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै

फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# रेडक्रस पोखरा २६ द्वारा विद्यार्थीलाई न्यानो कपडा बितरण

हुमा परियार/ सुस्मिता श्रेष्ठ
पोखरा, २१ पुस

नेपाल रेडक्रस सोसाईटि पोखरा २६ ले वुधबार एक कार्यक्रमका बिच विद्यार्थीलाई न्यानो कपडा बितरण गरेको छ , पोखरा २८ मा रहेको जनज्योति आधारभुत विद्यालयमा अध्ययनरत विद्यार्थीलाई न्यानो कपडा बितरण गरिएको छ, कार्यक्रम को उद्घाटन गर्दै नेपाल रेडक्रस सोसाईटी कास्किका उपसभापति कृष्ण तिमिल्सिनाले रेडक्रस एउटा विसुद्ध मानविय सेवा गर्ने संस्था भएकोले यसले आपत परेको बेला सबैलाई समान रूपमा कुनै भेदभाब नगरि सेवा गर्ने सस्था रहेको बताए ।

नेपाल रेडक्रस सोसाईटी पोखरा २६ उपशाखाको आयोजना , पोखरा २८ जनज्योति आधार भुत विद्यालयको ब्यबस्थापन र जगदम्बा सिमेन्ट ईन्डस्टिजको सहयोगमा सो विद्यालयका



विद्यार्थीलाई कपडा बितरण गरिएको हो । नेरेसो पोखरा २६उपशाखाका सभापति शैलेन्द्र मोहन भट्टराई को अध्यक्ष तामा सम्पन्न कार्यक्रममा जनज्योति आधारभुत विद्यालयका बि ब्य स अध्यक्ष नारायण त्रिपाठी, उपशाखाका पूर्ब सभापति मुरारी शर्मा, पोखरा २८ कि जनप्रतिनिधि अम्बिका बुढाथोकी विद्यालयका प्रधानाध्यापक बिष्णुमाया पोखरेल, लगायतले कार्यक्रम र रेडक्रश को आवश्यकता बारे धारणा राखेका थिए विद्यालयमा हाल ६५ जना विद्यार्थी अध्ययन रहेका छन् भने कार्यक्रम उपशाखाकी उपसभापति देबि ढुङ्गानाले स्वागतै गरेकीथिईन् भने कार्यक्रमको संचालन सचिब दिपकनाथ भण्डारीले गरेका थिए। (विद्यार्थी पत्रकार)

# पड्के रोग नियन्त्रणका लागि खोप अभियान

पोखरापत्र संवाददाता
दमौली, २१ पुस

तनहुँको बन्दीपुर गाउँपालिका-५ याम्पामा पड्के रोग नियन्त्रणका लागि गाईलाई खोप लगाउन थालिएको छ । भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र तनहुँले त्यस क्षेत्रमा पड्के रोग नियन्त्रणका लागि खोप लगाउन थालेको हो ।

याम्पाका किसानले पालेको गाई मर्न थालेपछि विज्ञ केन्द्रले रगतको नमूना परीक्षणका लागि काठमाडौँ पठाएको थियो । ती गाई पड्के रोगका कारण मरेको पुष्टि भएपछि नियन्त्रणका लागि आजदेखि खोप लगाउन थालिएको केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो । स्थानीयवासी अजित न्यौपानेको पाँच, गणेश थापाको तीन र काशीनाथ भट्टराईको दुई वटा गाई मरेको थियो । गाई मरेसँगै पड्के रोगको शङ्का गरिएको थियो । "केन्द्रबाट खोप मगाएर नियन्त्रणका लागि खोप अभियान सुरु गरेका छौँ, गाई मरेका फार्मका ४३ वटा गाईलाई पड्के रोग विरुद्धको खोप लगाउँछौ," डा श्रेष्ठले भन्नुभयो । खोप लगाउनका लागि पशु प्राविधिक पिपिई लगाएर फार्ममा पुगेका छन् ।

यहाँका गाईलाई पड्केसँगै खोरेत रोग पनि देखिएको छ । त्यसको नियन्त्रणका लागि पनि पहल भइरहेको डा. श्रेष्ठले बताउनुभयो । "खोरेत देखिएकाले पनि समस्या भएको छ, केही गाई बिरामी परेका छन्," उहाँले भन्नुभयो । पड्के सबै प्रकारको घरपालुवा पशु साथै मानिसमासमेत लाग्ने सबैभन्दा डरलाग्दो सरुवा रोग हो । यो रोग 'ब्यसिलस एन्थ्राशीश' नमाक जीवाणुबाट लाग्छ । तनहुँको भीमाद नगरपालिकामा खोरेत रोग देखिएपछि नगर क्षेत्रभित्र पशुको आवतजावत र ओसारपसार बन्द गरिएको छ । भीमाद नगरपालिका-८मा खोरतेसँग मिल्दोजुल्दो लक्षण देखिने गरी रोग देखा परेकाले पुस १३ गतेदेखि एक महिनाका लागि पशुको आवतजावत र ओसारपसार बन्द गरिएको हो । नगरप्रमुखस्तरीय निर्णय अनुसार खोरेत रोग लाग्ने गाईभैँसी, भेडाबाख्रा र बङ्गुरसुङ्गुरको ओसारपसार पूर्ण रूपमा बन्द गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत थमनसिंह थापाले बताउनुभयो । उहाँका अनुसार रोग निदानका लागि नमूना पठाइसकिएको छ । नगरपालिकाले खोरेत रोग नियन्त्रणमा सहयोग पुऱ्याउन अनुरोध गरेको छ । फार्म, गोठमा जैविक सुरक्षाका उपाय अवलम्बन गर्न, अनावश्यक रूपमा अरुको फार्म, गोठमा नजान, गोठको काम गर्दा लगाएको लुगाकपडा र जुत्ताचप्पल अरु बेलामा प्रयोग नगर्न, फार्म, गोठमा पालिएका पशुबस्तुमा कुनै पनि किसिमको स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकैको पशुसेवा केन्द्रमा खबर गर्न र नियमित रूपमा फार्म, गोठ वरपर, चुन, साइट्रिक, एसिड वा भिर्कोन छर्न आग्रह गरिएको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.सं. १९८४/०३/०५ गते

स्वर्गारोहणः
२०७८/०९/२० गते

स्व. टेक बहादुर गुरुङ

देउपुर, पर्वत घर भई हाल सिंङ्गापुर टोल पोखरा-१२ निवासी यस समाजका सदस्य **टेक बहादुर गुरुङ**को ९४ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको अमर आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारणा गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन भनि कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**प्रेम कुमार गुरुङ**
**अध्यक्ष एवं**
**देउपुर गुरुङ समाज पोखरा परिवार**

'सेमकैं' भात दिने कार्यक्रम यहि पुस २४ गते शनिबार बिहान बौद्ध अर्धौ सदन रामघाटमा हुने पनि जानकारी गराउँदछौं ।


# बङ्गुरपालनमा रमाउँदै किसान

रासस
बागलुङ, २१ पुस

विदेशको सपना लत्याउनुभएका २९ वर्षीय मिलन राना अहिले बङ्गुरपालनमा भविष्य खोज्दै हुनुहुन्छ । जैमिनी नगरपालिका-१ कुश्मीसेरामा उहाँको पशुपक्षी फार्म छ। फार्ममा अहिले ४२ बङ्गुर छन् । गत साउनबाट सुरु गरेको बङ्गुरपालन व्यवसायमा उहाँले रु २१ लाख लगानी गर्नुभएको छ।

फार्ममा एक सय ७० बङ्गुर पाल्ने क्षमता छ । बङ्गुर थप्दै जाने योजनामा राना हुनुहुन्छ। गत भदौयता बङ्गुर बेचेर चार लाख जति कमाइ भित्राएको उहाँले सुनाउनुभयो। बङ्गुरपालक किसानले धेरैजसो पाठापाठीबाट आम्दानी गर्छन् । मासुका लागि बेच्दा प्रतिकिलो रु. तीन सय ७० सम्म पर्छ। महिनादिन पुगेका पाठापाठी रु. ६ हजारमा बिक्री हुने गरेको किसान बताउँछन् ।

माउ बङ्गुरले एकै बेतमा १६/१७ वटासम्म पाठापाठी पाउँछ । "फार्मबाट धेरै पाठापाठी नै बिक्री हुन्छन्, हुर्केका बङ्गुर मासुका लागि बजार जान्छ", व्यवसायी रानाले भन्नुभयो, "बजार माग बढ्दै गएकाले बङ्गुरमा गरेको लगानी खेर जाँदैन, व्यवसाय सन्तोषजनक नै छ।" उहाँले पहिले सोही ठाउँका याम पुनले चलाएको फार्म किन्नुभएको हो । बङ्गुर फार्मसँगै उहाँको ब्लक उद्योग पनि छ। दुवै व्यवसायमा उहाँको रु ३२ लाख जति लगानी छ। छ जनाले रोजगारी पाएका छन् । उहाँले ब्लक र फार्मका लागि वार्षिक रु ४२ हजार तिर्ने गरी ठेउलेखोलाछेउ जग्गा भाडामा लिनुभएको छ । उहाँकोसँगै त्यहाँ अरुपनि बङ्गुर फार्म लहरै छन् । जेनिसा बङ्गुर फार्ममा रहेका ३० बङ्गुरमध्ये छ ब्याउने छन्। ती सबै ब्याउँदा पाठापाठीले खोर भरिभराउ हुन्छ । फार्मका सञ्चालक कमला थापाले दुई वर्षदेखि बङ्गुरपालन व्यवसायमा लागेको बताउनुभयो । कुश्मीसेरा बजारमा उहाँको मासु पसल पनि छ । श्रीमान जंगबहादुरसँगै उहाँ बङ्गुरपालनमा रमाइरहनुभएको छ । "आफ्नै मासु पसल पनि भएकाले बङ्गुर बेच्न सहज छ, पाठापाठीबाट पनि राम्रो कमाइ हुन्छ" उहाँले भन्नुभयो, "हामीसँगै कुश्मीसेरा बजार आसपासमा १५ बढी किसान बङ्गुरपालनमा लाग्नुभएको छ, व्यवसायबाट सबै खुसी हुनुहुन्छ।" यही नजिकै विकास श्रीसको बङ्गुरपालन व्यवसाय छ। त्यहाँ अहिले १७ वटा बङ्गुर छन् । १२ लाख खर्चेर तीन वर्षअघिदेखि बङ्गुर फार्म चलाएको श्रीसले बताउनुभयो । उहाँसँग हाँस र माछापालन गर्ने योजना पनि छ । वार्षिक रु. २१ हजार तिर्नेगरि जग्गा भाडा लिएर श्रीसले फार्म खोल्नुभएको हो। मासु र पाठापाठीको माग बढेपछि बङ्गुरपालनमा किसानको आकर्षण बढेको जैमिनी नगरपालिकाका पशु शाखा प्रमुख कृष्णप्रसाद ढकालले बताउनुभयो । अहिले गाउँगाउँमा व्यावसायिक रूपमा बङ्गुर पाल्ने क्रम बढेको उहाँको अनुभव छ। पहिले थोरै पाल्ने किसानले पनि अहिले संख्या बढाउँदै लगेका छन् । लगानी थपेका छन्। न्यून पूँजी भएका किसानले पनि बङ्गुरपालनबाट वर्षमा चार/पाँच लाख रुपैयाँ कमाउन थालेका छन्। थोरै लगानी र कम समयमै राम्रो प्रतिफल आउने हुँदा बङ्गुरपालन रोजाइमा पर्न थालेको हो। किसानलाई बङ्गुरपालनमा प्रोत्साहित गर्न भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र नगरपालिकाले अनुदान सहयोग गर्दै आएको छ। दर्ता भएका र मापदण्ड पूरा गर्ने बङ्गुरपालक किसानलाई नगरपालिकाबाट प्रोत्साहन अनुदानबापत रु. २५ हजार सहयोग गरिएको पशु शाखा प्रमुख ढकालले जानकारी दिनुभयो।

# स्याङ्जामा यसवर्ष ६७ हजार मेट्रिक टन धान उत्पादन

पोखरापत्र संवाददाता
वालिङ, २१ पुस

स्याङ्जामा यसवर्ष झण्डै ६७ हजार मेट्रिक टन धान उत्पादन भएको छ। जिल्लामा बर्षे धान ६२ हजार २७१ र चैते (हिउँदे) धान चार हजार ४६४ गरी कूल ६६ हजार ७३५ मेट्रिक टन धान उत्पादन भएको हो ।

स्याङ्जामा यसवर्ष १६ हजार ८३० हेक्टरमा बर्षे धान र एक हजार २४० हेक्टरमा चैते (हिउँदे) धान लगाइएको कृषि ज्ञान केन्द्रका बागबानी विकास अधिकृत सोनी रानाले जानकारी दिनुभयो। वर्षे धानमा ३.७ मेट्रिक टन प्रति हेक्टर र चैते धानमा ३.६ मेट्रिक टन प्रति हेक्टर धानको उत्पादकत्व रहेको उहाँले बताउनुभयो ।

गत वर्षको तुलनामा जिल्लामा यसवर्ष धान उत्पादनको क्षेत्रफल घटेको हो । गतवर्ष १८ हजार १३७ हेक्टर क्षेत्रफलमा ६७ हजार १०६ मेट्रिक टन धान उत्पादन भएको थियो ।

यहाँका किसान धानखेतीबाट विस्तारै फलफूल जातका खेतीतर्फ लाग्नु र खेतीयोग्य जमिन घर घडेरीका रूपमा परिणत भई उत्पादन हुने भूमि नासिनु जस्ता कारणले गर्दा क्षेत्रफल घटेको उहाँले बताउनुभयो ।

स्याङ्जामा आर्थिक वर्ष २०७६/७७ मा १८ हजार १२० हेक्टर क्षेत्रफलमा ६५ हजार ३३२ मेट्रिक टन धान उत्पादन भएको थियो । पछिल्लो तीन वर्षको तुलनामा गत वर्ष सबैभन्दा धेरै धान उत्पादन भएको तथ्याङ्क कृषि ज्ञान केन्द्रमा छ । स्याङ्जाका चापाकोट टार, जिमुहा, पकान, डौवा, लामागे, ठूलाडिही, साँखर, चिन्नेबाससहित आँधीखोला, ज्याग्दीखोला र दरौंखोला आसपासका क्षेत्र धान खेतीका दृष्टिले पकेट क्षेत्र हुन् । पछिल्लो समय उन्नत जातका धान लगाउने प्रचलन बढेको छ। विशेषगरी रामधान, सावित्री, खुमल ४, ११, १३, सुनौलो सुगन्ध, राधा-४ जस्ता उन्नत धान लगाउने गरिन्छ ।

केही ठाउँहरूमा स्थानीय जातका पहेँले, आँपझुत्ते, मनसरा, गुर्जी, एक्ले, जर्नेली, अनदी, बाटीसरा, झिनुवालगायत जात पनि लगाउने गरिएको पाइन्छ। कृषि ज्ञान केन्द्रले उन्नत जातप्रति किसानको आकर्षण बढ्दै जाँदा स्थानीय जातका धान लोप हुनसक्ने भएकाले त्यसलाई मध्यनजर गर्दै रैथाने बाली तथा बीउ संरक्षणका कार्यक्रम पनि सञ्चालन गरेको बागबानी विकास अधिकृत रानाले जानकारी दिनुभयो ।


**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि सहकारी तथा गरिबि निवारण मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**कृषि ज्ञान केन्द्र, कास्की**
**गण्डकी प्रदेश नेपाल**

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८।०९।२२**

**१.यस कार्यालयवाट विधुतीय माध्यमवाट निम्नानुसारको निर्माण कार्यको लागि सिलबन्दी दरभाउपत्र अव्हान गरिन्छ।**

| क्र. सं. | ठेक्का नं | कामको विवरण | निर्माण कार्यको लागत अनुमान रु | दरभाउपत्र दस्तुर रु | दरभाउपत्र जमानत रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | AKCK/SQ/ W/01/078/79 | कार्यालय आवास कम्पाउण्ड वाल मर्मत तथा रंगरोगन | ८,५४,६०५।३६ | १,०००।- | २५,०००।- | |
| २ | AKCK/SQ/ W/02/078/79 | खानेपानी टंकी निर्माण तथा व्यवस्थापन | ५,५५,५११।४१ | १,०००।- | १७,०००।- | |

२. सिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक र योग्य दरभाउपत्र दाताहरुले सार्वजनिक खरिद कार्यालयको वेभसाईट www.bolpatra.gov.np/epg मा हेर्न तथा सिलबन्दी दरभाउपत्र सम्वन्धी कागजात डाउनलोड गर्न सक्नेछन । माथि उल्लेखित दरभाउपत्र दस्तुर निम्न खातामा जम्मा गर्नुपर्नेछ ।
बैकको नाम :- राष्ट्रिय वाणिज्य वैक, पृथ्वीचोक
कार्यालयको नाम :-कृषि ज्ञान केन्द्र, कास्की
कार्यालयको कोड नं. :- ३१२०१३९०७४
कार्यालयको खाता नं. :-१०००२०१०१००४
राजस्व शीर्षक नं. :-१४२२९

४. सिलबन्दी दरभाउपत्रहरु मिति २०७८।०९।२९ गते अप्रान्ह १२ बजेभित्र सार्वजनिक खरिद कार्यालयको वेभसाईट www.bolpatra.gov.np/epg मा पेश गरि सक्नुपर्नेछ । उल्लेखित समय भन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।

५. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु मिति २०७७।०९।२९ गते अप्रान्ह १ बजे उपस्थित हुन चाहने निर्माण व्यवसायी वा निजका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुनेगरी ४५ दिनको हुनेछ । दरभाउपत्रको साथमाथि उल्लेखित दरभाउपत्र जमानत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि कम्तीमा पनि ७५ दिनको अर्थात २०७८।१२।२२ सम्म हुनु पर्नेछ । दरभाउपत्रदाताले जमानत वापत नगदै राख्न चाहेमा प्रदेश लेखा नियन्त्रण कार्यालयको राष्ट्रिय वाणिज्य वैक पृथ्वीचोक स्थित धरौटी खाता नं. ३०२०१००२०२०३००० (कार्यालयको कोड नं:-३१२०१३९०७४) मा जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

६. दरभाउपत्र खरिद गर्ने पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ ।

७. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।